खत्याड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामतडी, मुगु

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३
चलानी नं. २०४८

मितिः २०८२/१२/२३
ने.सं. ११४६ चौलागा चतुर्थी

विषयः रिक्त पदमा स्थायी शिक्षक सरूवा सम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ ।

मुगु जिल्ला खत्याड गाउँपालिका अन्तर्गत रहेको श्री महादेव मष्टा नमूना माध्यमिक विद्यालय खत्याड गाउँपालिका वडा नं. ११ रातापानी मुगुमा मिति २०८३ साल बैशाख १६ गतेदेखि रिक्त हुने प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाईदिन भनी विद्यालयको च.नं. ७३ मिति २०८२/१२/२३ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह, श्रेणीको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिक्षा नियमावली, २०५९ को अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन *शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१* को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्याद भित्र इमेल mmschool2032@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिने छ ।
(प्र.अ.को सम्पर्क नं. ९८५१२०९२८४, ९८५८३२२१०४)

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

.............................
(थानेश्वर जैसी)
वरिष्ठ शिक्षा अधिकृत

थानेश्वर जैसी
वरिष्ठ शिक्षा अधिकृत

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाई, मुगुः यो सूचना तहाँको वेबसाइटमा समेत प्रकाशन गरी दिनुहुन।

श्री महादेव मष्टा नमूना माध्यमिक विद्यालय, खत्याड गाउँपालिका वडा नं. ११ रातापानी, मुगु ।

श्री सूचना तथा प्रविधि शाखाः यो सूचना वेबसाइटमा अपलोड गरी दिनुहुन ।